नेपाल वायुसेवा

# प्रेस विज्ञप्ति

मिति: २०८०/०६/२५

नेपाल सरकार मन्त्रीपरिषदको निर्णय र सम्माननीय प्रधानमन्त्रीज्यूको विशेष निर्देशन एवम् श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीज्यूको विशेष निर्देशन अनुसार नेपाल वायुसेवा निगमले राष्ट्रिय जिम्मेवारी निर्वाह गर्दै मिति २०८०/०६/२५ गते बिहान ४ बजे उडान नं. आर.ए २२९-२३५३ बाट इजरायलतर्फ उद्दार उडानको लागि प्रस्थान गरि परराष्ट्र मन्त्रालय र नेपाली दुतावास तेलअविवको सहकार्यमा २५४ जना नेपालीको उद्दार गरि मिति २०८०/०६/२६ गते बिहान उडान नं. आर.ए २३५४-२३० बाट ०२:४२ बजे काठमाडौं अवतरण गर्दै छ ।

राष्ट्रलाई समस्या परेको बेला विगतमा झैं नेपाल सरकारको निर्देशन बमोजिम यस पटक समेत आपत विपत् परेका नेपालीहरुको उद्दारमा खटिने अवसर पाएको र राष्ट्रलाई योगदान गर्न सकेकोमा गौरवान्वित महसुस भएको छ । यस्ता उद्दार कार्यमा सहभागी हुन र राज्यको सशक्त उपस्थिति देखाउन राष्ट्रिय ध्वजावाहकको आवश्यकता र महत्व अझै टड्कारो रुपमा देखिएको छ ।

यस उद्दार उडानका चालक वरिष्ठ कप्तान श्रवण रिजाल लगायत सम्पूर्ण उडान दल, कर्मचारी, सहयोगी निकाय, नेपाल सरकार एवम् समस्त सहयोगी हातहरुप्रति विशेष धन्यवाद दिदै निगमका कार्यकारी अध्यक्ष श्री युवराज अधिकारीले आभार प्रकट गर्नुभएको छ ।

नेपाल वायुसेवा निगम ★ कान्तिपथ, काठमाडौं ★

२०८०/६/२५

रमेश पौडेल

(प्रवक्ता)

नेपाल वायुसेवा निगम, पो.ब.नं. ४०१, काठमाडौं, नेपाल, फोन : ०१-४२२०७५७, फ्याक्स: ०१-४२२५३४८
Email: info@nac.com.np, web: www.nepalairlines.com.np